# झापामा नेत्र पर्यटन र शिक्षा : सम्भावना र चुनौती

सावित्रा दाहाल भट्टराई[1]

[१] त्रिदेव बहुमुखी क्याम्पस, झापा

**Email**
**sabitradb32@gmail.com**

प्रकाशन : २०८३ असार
Publish: 2026 June

**Doi:**
https://doi.org/10.3126/bns.v29i1.95331

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

नेत्र पर्यटन (Eye Tourism) स्वास्थ्य पर्यटनको एक उदाउँदो क्षेत्र हो, जसले गुणस्तरीय तथा सुलभ नेत्र उपचार सेवासँगै पर्यटन गतिविधिलाई पनि जोड्ने कार्य गर्दछ । नेपालमा विशेषगरी तिलगंगा आँखा प्रतिष्ठान, नेपाल नेत्र ज्योति संघ तथा मेची आँखा अस्पतालजस्ता संस्थाहरूको योगदानले नेत्र उपचार सेवाले अन्तर्राष्ट्रिय पहिचान प्राप्त गरेको छ । यस अध्ययनको मुख्य उद्देश्य झापा जिल्लामा नेत्र पर्यटन तथा नेत्र शिक्षणको सम्भावनाको विश्लेषण गर्नु हो । अध्ययनमा गुणात्मक अनुसन्धान विधि प्रयोग गरी नेत्र अस्पतालका चिकित्सक, व्यवस्थापक, पर्यटन व्यवसायी, होटल व्यवसायी तथा सेवाग्राहीहरूसँग अन्तर्वार्ता लिइएको छ । साथै सम्बन्धित प्रतिवेदन, प्रकाशन तथा दस्तावेजहरूको समीक्षा गरिएको छ । अध्ययनबाट झापा जिल्ला नेत्र उपचार सेवाको दृष्टिले पूर्वी नेपालको महत्त्वपूर्ण केन्द्रका रूपमा विकसित भइरहेको देखिएको छ । मेची आँखा अस्पतालसहित झापाको विर्तामोड, काँकडभिट्टा, दमक सहित जिल्लाभरका अस्पताल र उपचार केन्द्रले भारत, बंगलादेश र भुटानबाट आउने बिरामीलाई सेवा प्रदान गरिरहेका छन्, जसले स्वास्थ्य पर्यटनको विस्तारमा टेवा पुर्याएको छ । नेत्र पर्यटनले स्थानीय अर्थतन्त्रमा रोजगारी सिर्जना, होटल तथा यातायात व्यवसायको प्रवर्द्धन, विदेशी मुद्रा आर्जन तथा सामाजिक–सांस्कृतिक अन्तरक्रियामा सकारात्मक प्रभाव पारेको पाइयो । साथै नेत्र विशेषज्ञ, अप्टोमेट्रिस्ट, नर्स तथा प्राविधिक जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाको स्थापना गर्ने पर्याप्त सम्भावना रहेको देखिन्छ । यद्यपि पूर्वाधार विकास, नीतिगत सहजीकरण, अन्तर्राष्ट्रिय प्रचार–प्रसार तथा दक्ष जनशक्ति उत्पादनका क्षेत्रमा थप सुधार आवश्यक रहेको निष्कर्ष निकालिएको छ । उपयुक्त नीति, लगानी र संस्थागत समन्वयमार्फत झापालाई दक्षिण एसियाकै महत्त्वपूर्ण नेत्र पर्यटन तथा नेत्र शिक्षण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना अध्ययनले औंल्याएको छ ।

***शब्दकुन्जी:*** नेत्र पर्यटन, नेत्र शिक्षण, स्वास्थ्य पर्यटन, आँखा अस्पताल, आँखाको लेन्स

## अध्ययनको पृष्ठभूमि

स्वास्थ्य पर्यटन (Health Tourism) विश्वव्यापीकरण र आधुनिक स्वास्थ्य सेवाको तीव्र विकाससँगै विश्व अर्थतन्त्रको एक महत्त्वपूर्ण र तीव्र गतिमा विस्तार भइरहेको क्षेत्र बनेको छ । स्वास्थ्य पर्यटन भन्नाले व्यक्तिहरू उपचार, शल्यक्रिया, पुनर्स्थापना वा स्वास्थ्य सुधारका लागि आफ्नो देशभन्दा बाहिर यात्रा गर्ने प्रक्रियालाई जनाउँछ । यस क्षेत्रमा चिकित्सा पर्यटन, दन्त उपचार पर्यटन, सौन्दर्य शल्यक्रिया पर्यटन तथा नेत्र उपचार पर्यटन प्रमुख उपक्षेत्रका रूपमा विकसित भएका छन् । यस प्रकारको पर्यटनमा LASIK सर्जरी, मोतियाबिन्दुको शल्यक्रिया, रेटिनाको उपचार, ग्लुकोमा

व्यवस्थापन र नेत्र प्रत्यारोपण जस्ता सेवाहरूको खोजीमा यात्रा गरिन्छ। यसले उपचारसँगै विश्राम, घुमघाम, तथा वैकल्पिक चिकित्सा सुविधाहरू समेत समावेश गर्न सक्छ (Connell, 2013; Bookman & Bookman, 2007)। नेत्र पर्यटन स्वास्थ्य पर्यटनको एक विशिष्टीकृत शाखा हो, जसअन्तर्गत बिरामीहरू मोतियाबिन्दु, ग्लुकोमा, रेटिना समस्या, LASIK तथा अन्य नेत्र सम्बन्धी उपचारका लागि देश बाहिरका अन्यदेशहरू जान्छन्। विकसित मुलुकहरूमा उपचारको लागत अत्यधिक भएकाले धेरैजसो बिरामीहरू कम लागतमा गुणस्तरीय सेवा उपलब्ध हुने देशहरूतर्फ आकर्षित भएका छन् (Connell, 2013; Lunt et al. 2011)। कम लागत, उच्च गुणस्तरीय सेवा, आधुनिक प्रविधि तथा छोटो प्रतीक्षा समय नेपालमा नेत्र पर्यटनका प्रमुख आकर्षण हुन्। विश्वव्यापी रूपमा दृष्टि सुधारका लागि LASIK, PRK, र Refractive Lens Exchange जस्ता सर्जरीहरूमा उच्च माग रहेको देखिन्छ (Medical Tourism Association, 2020)। यस्तै, दक्षिण एसियाली देशहरूमा सेवा लागत तुलनात्मक रूपमा कम र सेवा गुणस्तर उच्च रहेकाले पश्चिमा नागरिकहरू पनि ती देशतर्फ आकर्षित हुने गरेका छन्।

नेपालले पछिल्ला दशकहरूमा नेत्र उपचार सेवामा उल्लेखनीय प्रगति गरेको छ। तिलगंगा आँखा प्रतिष्ठान विश्व प्रसिद्ध संस्थाका रूपमा स्थापित भएको छ भने नेपाल नेत्र ज्योति संघ तथा अन्य निजी तथा सरकारी संस्थाहरूले देशभर नेत्र सेवाको पहुँच विस्तार गरेका छन्। झापा जिल्ला भौगोलिक रूपमा भारतसँग खुला सीमा भएको तथा बंगलादेश र भुटानसँग नजिक रहेको कारण स्वास्थ्य पर्यटनका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्र मानिन्छ।

नेपालमा स्वास्थ्य पर्यटनको वर्तमान अवस्थालाई अध्ययन गर्दा स्वास्थ्य सेवाको स्तर पछिल्लो दशकमा उल्लेखनीय रूपमा सुधार भएको छ। नेत्र उपचारको क्षेत्रमा नेपाल विश्वमै चिनिएको देश हो। दृष्टि देवताले परिचित डा. सन्दुक रुइतले आविष्कार गरेको लेन्स विश्वकै सस्तो र भरपर्दो लेन्सभित्र पर्दछ। नेपालका केही संस्थाहरूले "तेस्रो विश्वका लागि उपयुक्त प्रविधि" को प्रयोग गरी उत्कृष्ट सेवा दिएका छन्। खास गरी तिलगंगा नेत्र संस्था, नेपाल नेत्र ज्योति संघ, र बि.पी. कोइराला लायन्स केन्द्र जस्ता संस्थाहरूले नेपाललाई नेत्र उपचारको केन्द्र बनाएका छन्। तिलगंगा जस्ता अन्य केही संस्थाले अत्यन्तै कम लागतमा उच्च गुणस्तरको सेवा प्रदान गर्दै आएका छन् जसले भारत, बांग्लादेश, चिन, अफगानिस्तान जस्ता देशका नागरिकलाई समेत आकर्षित गरेको छ (Bruno & Pokhrel, 2018)।

नेपाल नेत्र ज्योति संघका अनुसार सन् २०२४ मा देशभरि २८ नेत्र अस्पताल र २२४ उपचार केन्द्रहरू मार्फत ९,०७,०७१ विदेशी नागरिकहरूले नेत्र परीक्षण गराए। जसमध्ये १ लाख ६२ हजार ४८५ विदेशी नागरिकको आँखाको शल्यक्रिया गरिएको थियो। यसैगरी देशभित्रका र विदेशी बिरामी गरी जम्मा ३२,६८,०३४ जनाको नेत्र परीक्षण र २,५८,५७५ शल्यक्रिया गरेको संघको प्रतिवेदनमा उल्लेख छ। NNJS ले आफ्नो स्थापनाकालदेखि अहिलेसम्म ४ करोड ६८ लाख ७० हजार मानिसहरूको उपचार गरिसकेको छ र ५३ लाख ९० हजारभन्दा बढी शल्यक्रिया गरिसकेको जनाएको छ (E-Magazine: https://www.b360nepal.com/author/19)। नेपालमा नेत्र उपचारमा प्रयोग हुने "इन्ट्राअकुलर लेन्स (IOL)" उत्पादनमा आत्मनिर्भरता हासिल गरिएको छ। यसले सस्तो र प्रभावकारी सेवा सम्भव बनाएको छ। नेपालबाट निर्मित लेन्सहरू ३० भन्दा बढी देशहरूमा निर्यात भइरहेको छ (Tilganga Annual Report, 2020)। यस तथ्यले पनि नेपालमा नेत्र पर्यटनको अन्तर्राष्ट्रिय सम्भावना प्रचुरमात्रामा रहेको छ।

झापामा पनि नेत्र पर्यटनको सम्भावना क्रमशः बढ्दै गएको छ। विशेष गरी मेची आँखा अस्पताल, विर्ताज्योति अस्पताल सहित एक दर्जन आँखा अस्पतालहरू र उपचार केन्द्रले झापालाई पूर्वी नेपाल तथा दक्षिण एसियाको आँखा उपचार केन्द्रका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्। वि.सं. २०५३ मा स्थापना भएको मेची

आँखा अस्पतालले गुणस्तरीय, समावेशी, पहुँचयोग्य र सस्तो सेवा ग्रामीण तथा सीमावर्ती क्षेत्रहरूमा पुर्याउँदै आएको छ। नेपालका पूर्वी जिल्लाहरूका साथै भारतको सिलिगुडी, पश्चिम बंगाल, बंगलादेशको सीमावर्ती क्षेत्र, र भुटानबाट समेत बिरामीहरू आकर्षित गर्दै आएको छ। LASIK, Retina, Pediatric, Glaucoma, Cornea क्लिनिक सहितको सेवा प्रदान गर्दै आएको यस अस्पतालले वर्षेनी हजारौंको शल्यक्रिया गर्दै आएको तथ्याङ्कबाट स्पष्ट हुन्छ (Tilganga Institute of Ophthalmology, 2023; Eye Health Nepal, 2024)।

वि.सं. २०८१ देखि तिलगंगा आँखा अस्पताल र मेची आँखा अस्पतालको साझेदारीमा झापाको विर्तामोडमा Laser Refractive Surgery Unit स्थापना गरिएको छ, जसमा अत्याधुनिक प्रविधिद्वारा दृष्टि सुधार सेवाको सुरुवातसँगै झापामा नेत्र पर्यटनको सम्भावना झनै बढेको देखिन्छ (Online Radio Nepal, 2024)। आँखा उपचार अस्पतालमा वर्षेनी लाखौं बिरामीहरूले उपचार गरिरहेको झापाका अस्पतालहरूको अवस्थालाई हेर्दा यहाँ आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादनको आवश्यकता र प्रचुर सम्भावना रहेको छ। झापा जिल्ला भौगोलिक रूपमा भारतसँग खुला सीमा भएको तथा बंगलादेश र भुटानसँग नजिक रहेको कारण स्वास्थ्य पर्यटनका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्र मानिन्छ। यस सन्दर्भमा झापामा आँखा पर्यटन तथा नेत्र शिक्षणको सम्भावनाको अध्ययन अत्यन्त सान्दर्भिक देखिन्छ। यस अनुसन्धानात्मक लेखमा झापामा नेत्र पर्यटन र नेत्र शिक्षण मार्फत स्वास्थ्य उपचार र शिक्षाको विकासका साथसाथै आर्थिक, सामाजिक, शैक्षिक र संस्थागत जस्ता बहुआयामिक क्षेत्रको विकासमा यसले दिएका अवसर, निम्त्याएका चुनौती र विकासका आयामहरूको विश्लेषण गरिएको छ।

## सैद्धान्तिक पर्यालोकन

Connell (2013) ले 'चिकित्सा पर्यटन अवधारणा र वैश्विक विकास' शीर्षकको आफ्नो लेखमा मेडिकल टुरिजमलाई विश्वव्यापीकृत घटनाको रूपमा व्याख्या गर्दछन् जहाँ बिरामीहरू आफ्नो देशको तुलनामा सस्तो, छिटो वा उच्च गुणस्तरको स्वास्थ्य सेवाहरू पहुँच गर्न सीमापार यात्रा गर्छन्। उनको तर्क छ कि चिकित्सा पर्यटन "स्वास्थ्य सेवा कमोडिटिफिकेसन" को रूपमा भएको छ, जहाँ चिकित्सा सेवाहरूलाई विश्वव्यापी बजारमा व्यापारिक सामानको रूपमा व्यवहार गरिन्छ। भारत, थाइल्याण्ड र मलेसिया जस्ता देशहरू बलियो स्वास्थ्य सेवा पूर्वाधार र सरकारी सहयोगका कारण प्रमुख गन्तव्य बनेका छन् भनी कन्नेलले प्रकाश पारेका छन्। यस सन्दर्भमा, मोतिविन्दु शल्यक्रिया र LASIK जस्ता नेत्र प्रक्रियाहरूलाई चिकित्सा पर्यटन अन्तर्गत समावेश गरिएको छ। Pocock and Phua (2011) ले "चिकित्सा पर्यटन र स्वास्थ्य प्रणाली" शीर्षकको लेखमा थाइल्याण्ड, सिंगापुर र मलेसिया जस्ता गन्तव्य देशहरूमा मेडिकल टुरिजमले स्वास्थ्य प्रणालीलाई कसरी असर गर्छ भनेर व्याख्या गर्ने अवधारणात्मक रूपरेखा प्रस्तुत गरेका छन्। उनीहरूको तर्क छ कि चिकित्सा पर्यटन विश्वव्यापीकरण, स्वास्थ्य सेवाहरूमा व्यापार, र आर्थिक वृद्धि खोज्ने सरकारको नीतिबाट प्रोत्साहित र सञ्चालित छ। उनीहरूको अध्ययनले देखाउँछ कि उच्च बिरामीको माग र अपेक्षाकृत सरल शल्यक्रियाका कारण चिकित्सा पर्यटनमा आँखाको हेरचाह महत्त्वपूर्ण सेवा क्षेत्रहरूमध्ये एक हो।

Connell (2011) ले दक्षिण एसिया, विशेष गरी भारत र थाइल्याण्ड, उन्नत चिकित्सा पूर्वाधार र कम उपचार लागतको कारण नेत्र पर्यटनको लागि एक प्रमुख केन्द्र हो भनी आफ्नो लेखमा उल्लेख गरेका छन्। चिकित्सा पर्यटनले स्वास्थ्य सेवाको सहरी एकाग्रतामा योगदान पुर्याएको छ, प्रायः सहरहरूमा सुविधाहरू सुधार गर्दै ग्रामीण पहुँच सीमित गर्दै। यो नेपाल जस्ता देशहरूमा विशेष गरी सान्दर्भिक छ, जहाँ बिरामीहरू प्रायः आँखाको विशेष उपचारका लागि विदेशबाट आउँछन्। अनुसन्धानले गन्तव्य देशहरूमा अस्पतालहरूले अन्तर्राष्ट्रिय बिरामीहरूलाई प्राथमिकता दिन्छन्, जसले स्थानीय सेवा उपलब्धतालाई असर गर्न सक्छ। यसका बावजुद, वृद्ध जनसंख्या माझ मोतियविन्दु

शल्यक्रियाको लागि बढ्दो विश्वव्यापी मागको कारण आँखा पर्यटन बढ्दै गएको छ भनी उल्लेख गरिएको छ। कौशिक र रुस्तगी (2020) ले आफ्नो 'नेत्र चिकित्सा पर्यटन (आँखा हेरचाह क्षेत्र)' शीर्षकको लेखमा मेडिकल टुरिजमलाई बढ्दो विश्वव्यापी उद्योगको रूपमा केन्द्रित गर्दै, नेत्र विज्ञानलाई यसको सबैभन्दा द्रुत-विस्तारित क्षेत्रहरू मध्ये एकको रूपमा व्याख्या गरेका छन्। तिनीहरू भन्छन् कि आँखा सम्बन्धी उपचारहरू जस्तै मोतियाबिन्दु शल्यक्रिया, अपवर्तक शल्यक्रिया (LASIK), र रेटिना प्रक्रियाहरूले किफायती, छोटो रिकभरी समय, र उच्च सफलता दरहरूको कारणले अन्तर्राष्ट्रिय बिरामीहरूलाई आकर्षित गर्दछ। लेखकहरूले जोड दिएका छन् कि विकासोन्मुख देशहरूले नेत्र पर्यटनबाट आर्थिक रूपमा फाइदा लिन्छन्, जबकि बिरामीहरू कम लागत र सुधारिएको पहुँचबाट लाभान्वित हुन्छन्। यसरी नेत्र पर्यटनलाई स्वास्थ्य पर्यटनको एक अङ्गको रूपमा विश्वव्यापी रूपमा मान्यता दिएको र स्वीकार गरिएको छ। नेपालको परिप्रेक्ष्यमा स्वास्थ्य पर्यटनको विषयमा केही खोज तथा अनुसन्धान भए पनि पर्यटन विकासका साथसाथै आर्थिक, सामाजिक, शैक्षिकलगायत बहुआयामिक क्षेत्रमा योगदान गर्ने र प्रचुर सम्भावना भएको यस विषयमा हालसम्म कुनै गहन अध्ययन अनुसन्धान नभएकाले यो अनुसन्धान गरिएको छ।

## अनुसन्धान विधि र प्रक्रिया

यो अनुसन्धानात्मक लेख गुणात्मक र परिणामात्मक ढाँचाबाट तयार गरिएको छ। यस अध्ययनको क्रममा उत्तरदाताबाट शाब्दिक सूचना संकलन गरिएको छ। अध्ययनमा झापाको नेत्र पर्यटनको वर्तमान अवस्था, सम्भावना, अवसर, चुनौती साथै यसले झापामा नेत्र विज्ञान क्षेत्रमा प्रदान गरेको शैक्षिक विकासका अवसरहरू तथा यससँग सम्बन्धित बहुआयामिक क्षेत्रहरूको अन्तरसम्बन्ध विश्लेषण गर्न मिश्रित अनुसन्धान विधि (Mixed Methods Research Design) अपनाइएको छ। यस अध्ययनमा गुणात्मक तथा परिणामात्मक दुवै प्रकारका तथ्याङ्क प्रयोग गरिएकाले मिश्रित विधि उपयुक्त मानिएको हो। अध्ययनको प्रकृति वर्णनात्मक (Descriptive) र विश्लेषणात्मक (Analytical) रहेको छ।

## अध्ययनको क्षेत्र

झापा जिल्ला रहेको छ। नेपाल–भारत सीमासँग जोडिएको झापा जिल्ला स्वास्थ्य सेवा, विशेष गरी नेत्र उपचार सेवाका दृष्टिले महत्त्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै गएको छ। जिल्लाका दमक, गौरीगञ्ज, विर्तामोड, काँकडभिट्टा जस्ता प्रमुख क्षेत्रका साथै जिल्ला भर रहेका आँखा अस्पताल र उपचार केन्द्रहरूमा नेपालका विभिन्न जिल्लाका साथै भारत, बंगलादेशबाट समेत बिरामीहरू उपचारका लागि आउने गरेको अध्ययनले देखाएको छ।

## तथ्याङ्क सङ्कलन र स्रोतहरू

यस अध्ययनलाई अर्थपूर्ण बनाउन प्राथमिक तथा द्वितीय दुवै प्रकारका स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक स्रोतअन्तर्गत स्थलगत अवलोकन, अन्तर्वार्ता, प्रश्नावली सर्वेक्षण र सामाजिक सञ्जाल (भिडियो र अडियो कल) जस्ता साधनहरूको समेत प्रयोग गरिएको थियो। यसै गरी अध्ययनलाई थप प्रमाणित बनाउन द्वितीय स्रोतको रूपमा नेपाल नेत्र ज्योति संघ, मेची आँखा अस्पताल, तिलगंगा आँखा अस्पताल लगायतका सम्बन्धित निकाय र सरोकारवालाहरूको वार्षिक प्रगति प्रतिवेदनहरू, प्रकाशनहरूको अध्ययन गरियो। साथै त्यस क्षेत्रसँग सम्बन्धित अन्य सञ्चार माध्यमबाट प्रकाशन भएको लेख, समाचार वा प्रकाशित पर्यटनसम्बन्धी विद्यमान प्रतिवेदन र दस्तावेजहरू, पर्यटन तथा स्वास्थ्यसम्बन्धी प्रकाशित तथ्याङ्कहरू प्रयोग गरिएको छ।

## जनसङ्ख्या र नमुना छनोट

अध्ययनको जनसङ्ख्यामा झापाको आँखा पर्यटनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित सरोकारवालाहरू समावेश छन् । अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट विधि (Purposive Sampling Technique) प्रयोग गरिएको छ । यस विधिअन्तर्गत आँखा पर्यटनबारे पर्याप्त जानकारी भएका तथा प्रत्यक्ष अनुभव भएका उत्तरदाताहरू छनोट गरिएको हो । अध्ययनमा समावेश नमुनामा झापामा रहेका १२ ओटा नेत्र अस्पताल र सेवाकेन्द्रमध्ये नमुना छनोटका लागि ५ ओटा अस्पतालका सञ्चालक, चिकित्सक, १०० हाराहारीका होटलमध्ये १० जना होटल व्यवसायी र ४० ओटा चश्मा पसलमध्ये ५ जना व्यवसायी, ट्राभल एन्ड टुर व्यवसायी २ जना, ५ जना झापाका पर्यटकीय क्षेत्रका जिम्मेवार प्रतिनिधि वा सञ्चालकहरू र २० जना नेत्र पर्यटकहरू गरी जम्मा ४७ जनालाई नमुना छनोट विधिको प्रयोग गरी छनोट गरी प्रत्यक्ष अवलोकन, प्रश्नावली तथा अन्तर्वार्ताको माध्यमबाट तथ्य, सूचना र जानकारी संकलन गरियो । अध्ययनलाई थप स्पष्ट बनाउन पर्यटन कार्यालय काँकडभिट्टाका प्रमुख र कोशी प्रदेश सरकारका योजना आयोगका उपाध्यक्षलाई प्रश्नावली र अन्तर्वार्तामार्फत् नीतिगत विषयमा जानकारी लिने प्रयास गरियो । उक्त नमुनाले नेत्र पर्यटन र नेत्र विज्ञान क्षेत्रमा प्रदान गरेको शैक्षिक विकासका अवसरहरूसँग सम्बन्धित विविध पक्षहरूलाई प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ ।

## तथ्याङ्क विश्लेषण

सङ्कलित तथ्याङ्कलाई गुणात्मक तथा परिणामात्मक दुवै दृष्टिकोणबाट विश्लेषण गरिएको छ । प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई वर्गीकरण, तालिकीकरण तथा प्रतिशतका आधारमा विश्लेषण गरिएको छ । अन्तर्वार्ता तथा अवलोकनबाट प्राप्त गुणात्मक तथ्याङ्कलाई विषयवस्तु विश्लेषण (Thematic Analysis) विधिबाट व्याख्या गरिएको छ । विश्लेषणको क्रममा नेत्र पर्यटनको आर्थिक, सामाजिक, स्वास्थ्य तथा पर्यटनसम्बन्धी प्रभाव र यसले सिर्जना गरेको नेत्र विज्ञान क्षेत्रको शैक्षिक विकासको अवसरहरूलाई विशेष रूपमा केलाइएको छ ।

## नैतिक विचारहरू

अनुसन्धान प्रक्रियामा सहभागी उत्तरदाताहरूलाई अध्ययनको उद्देश्य स्पष्ट रूपमा जानकारी गराएर उनीहरूको सहमतिपछि मात्र अन्तर्वार्ता तथा प्रश्नावली र सर्वेक्षण गरिएको थियो । प्राप्त जानकारीलाई केवल शैक्षिक तथा अनुसन्धान प्रयोजनका लागि प्रयोग गरिएको छ ।

## अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययन स्वास्थ्य पर्यटन (Health Tourism) को विस्तृत अवधारणामा आधारित छ, जसको एक महत्त्वपूर्ण उपक्षेत्रका रूपमा चिकित्सा पर्यटन (Medical Tourism) रहेको छ । यसै चिकित्सा पर्यटनभित्र आँखा पर्यटन (Eye Tourism) लाई अनुसन्धानको प्रमुख केन्द्रविन्दुका रूपमा लिइएको छ । झापा क्षेत्रमा विकसित हुँदै गएको नेत्र उपचार सेवाले नेपाल, भारत र अन्य तेस्रो मुलुकबाट समेत बिरामीहरूलाई आकर्षित गरिरहेको सन्दर्भमा, आँखा पर्यटनले बहुआयामिक प्रभावहरू सिर्जना गरिरहेको देखिन्छ ।

यस अवधारणात्मक ढाँचाअनुसार आँखा पर्यटनको विकास मुख्य रूपमा नेत्र सेवाको गुणस्तर, पहुँच र विशेषज्ञतासँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । उच्च गुणस्तरीय नेत्र सेवाले नेत्र शिक्षा र दक्ष प्राविधिक जनशक्ति उत्पादनका

अवसरहरूलाई विस्तार गर्ने भूमिका खेल्दछ । यस प्रक्रियाले स्वास्थ्यकर्मी, होटल तथा आतिथ्य सेवा, यातायात, चश्मा व्यवसाय तथा समग्र पर्यटन क्षेत्रहरूमा रोजगारी सिर्जना गर्ने सम्भावना बढाउँछ ।

रोजगारी विस्तार र सेवा क्षेत्रको विकासले स्थानीय तथा क्षेत्रीय स्तरमा आर्थिक प्रभाव उत्पन्न गर्दै आय, लगानी र व्यावसायिक गतिविधिहरूमा वृद्धि गराउँछ । अन्ततः यी सबै पक्षहरूको समष्टिगत प्रभावले पूर्वी नेपालको समग्र क्षेत्रीय विकासमा सकारात्मक योगदान पुर्याउँछ । यसरी प्रस्तुत अध्ययनले आँखा पर्यटन, नेत्र सेवा, नेत्र शिक्षा, रोजगारी, आर्थिक प्रभाव र क्षेत्रीय विकासबिचको आपसी सम्बन्धलाई विश्लेषणात्मक ढंगले व्याख्या गरेको छ ।

## अनुसन्धानको नतिजा र छलफल

यस अनुसन्धानात्मक लेखमा प्राथमिक र द्वितीय स्रोतबाट संकलित तथ्य, तथ्याङ्कलाई तालिकामा निम्नानुसार प्रस्तुत गरी त्यसको विश्लेषण र व्याख्या गरिएको छ:

**तालिका नं. १ :** *झापाका ५ ओटा नेत्र अस्पतालको वर्तमान अवस्था*

| अस्पतालको नाम | मेची नेत्र अस्पताल | बिर्तामोड नेत्र अस्पताल | दृष्टि नेत्र अस्पताल | विर्ताज्योति नेत्र अस्पताल | काँकडभिट्टा आई केयर सेन्टर | जम्मा |
|---|---|---|---|---|---|---|
| **ठेगाना** | बिर्तामोड–३ | बिर्तामोड–१ | बिर्तामोड–३ | दमक | मेचीनगर–६ | - |
| **जनशक्ति** | १८ चि. सहित २५० जना | ५ चि. सहित ९० जना | ६ चि. सहित ७० जना | ४ चिकित्सक सहित ३७ जना | १ चि., ४५ जना कर्मचारी | ३४ चि. सहित ४९२ |
| **दैनिक औसत बिरामी संख्या** | ५४० | २५० जना | २५० जना | १७० जना | ७५ जना | १२८५ जना |
| **बिरामी मध्ये विदेशी बिरामी प्रतिशतमा** | ६० प्रतिशत | ६० प्रतिशत | ४० प्रतिशत | ५ प्रतिशत | ८० प्रतिशत | - |
| **विदेशी बिरामी संख्या** | ३२४ जना | १५० जना | १०० जना | ९ जना | ६० जना | ६४३ जना |
| **दैनिक सरदर अपरेशन संख्या** | ९५ जना | १८ जना | १८ जना | ८ जना | १० जना | १४९ |
| **अपरेशनमध्ये विदेशी बिरामी प्रतिशतमा** | ६५ प्रतिशत | ६० प्रतिशत | ४० प्रतिशत | - | ८० प्रतिशत | - |
| **अपरेशन गर्ने विदेशी बिरामी संख्या** | ६० जना | १० जना | ७ जना | २ जना | ८ जना | ८७ |
| **औसत अपरेशन शुल्क** | १५ हजार | १५ हजार | १५ हजार | १४ हजार | १५ हजार | - |

*स्रोत : सम्बन्धित अस्पतालका वार्षिक प्रतिवेदन र अन्तर्वार्ता मार्फत प्राप्त जानकारी, २०८२*

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययनमा झापाको नेत्र पर्यटनको वर्तमान अवस्था, र यसले नेत्र विज्ञान क्षेत्रमा प्रदान गरेको शैक्षिक विकासका अवसरको साथै आर्थिक, सामाजिक सांस्कृतिक लगायतका क्षेत्रहरूमा निम्नानुसार प्रभाव परेको देखिन्छ :

## आर्थिक प्रभाव

झापामा सञ्चालन रहेका नेत्र अस्पताल र सेवाकेन्द्रहरूको सुविधा र गुणस्तरको बारेमा थप प्रचार प्रसार गर्न र पर्यटकलाई आवश्यक पर्ने अन्य सुविधा र पूर्वाधारको विकास गर्न सके यसले झापाको आर्थिक विकासमा ठूलो टेवा पुर्याउने देखिन्छ । यसको योगदानलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ:

**रोजगारी सिर्जना :** झापामा हाल सञ्चालित दर्जनाभन्दा बढी नेत्र अस्पताल र सेवाकेन्द्रमा विज्ञ डाक्टरहरूदेखि साक्षरसम्मका चिकित्सक, नर्स, प्राविधिक र प्रशासनिक, सहयोगी कर्मचारी गरी करिब ६०० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने अप्रत्यक्ष रूपमा सय बढी ओटा होटल व्यवसायी, ६० ओटा हाराहारीमा चश्मा व्यवसायी, रिक्सा, अटो, म्याजिक भ्यान, लगायतका ३०० बढी सवारी साधन र दर्जन हाराहारीका औषधि व्यवसायीहरूको आय आर्जन वृद्धि गर्न महत्त्वपूर्ण योगदान गरेका छन् । यसको अतिरिक्त ट्रेकिङ व्यवसाय, नजिकका पर्यटन केन्द्रहरू र त्यसको व्यवसाय र स्थानीय वस्तु जस्तै ढाका लगायतका व्यवसायीहरूको आय आर्जनमा समेत आँखा अस्पतालहरूमा उपचार गर्न आउने बिरामी पर्यटकहरूले योगदान पुर्याएको अध्ययनबाट जानकारी प्राप्त भयो । यसरी हेर्दा झापाका नेत्र अस्पतालहरूले अनुमानित हजार जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् भने १ हजार बढीले अप्रत्यक्ष रोजगारी पाएका छन् ।

**उद्यमशीलता अवसर सिर्जना :** झापामा नेत्र पर्यटनको विकास गर्न सके स्वास्थ्यसम्बन्धी निम्न नयाँ उद्यमको विकास गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ:

- अन्तर्राष्ट्रिय तथा सीमा पारका बिरामीहरूको आगमनले नेत्र अस्पतालहरूलाई सेवा विस्तार र नयाँ शाखा खोल्न प्रेरित गर्दछ जसका कारण नयाँ सोच र सिर्जनशील क्षमता भएका जनशक्तिको समेत आवश्यकता पर्दछ ।
- यसैगरी स्वास्थ्य उपकरणहरू जस्तै: शल्यक्रियाका लागि भिजुअल उपकरण, लेजर प्रविधि, ओटी सेटअप आदिको माग बढ्छ यसले स्वास्थ्य उपकरणको उत्पादन र वितरणको सम्भावना प्रशस्त हुन्छ, जसले नयाँ उद्यमीलाई त्यस्ता वस्तु उत्पादन र वितरण गर्न प्रेरित गर्दछ ।
- बढ्दो बिरामी संख्याले नेत्र विशेषज्ञ, नर्स, ओटी टेक्निसियन आदिको माग बढाउँछ, फलस्वरूप स्वास्थ्य शिक्षा संस्था र तालिम केन्द्रहरूको सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने सम्भावना देखिन्छ ।
- पर्यटन तथा आतिथ्य सेवामा सहयोग होटल, यातायात, खाना, गाइड, ट्राभल एन्ड टुर जस्ता क्षेत्रमा नया उद्यमीको विकास हुने प्रशस्त सम्भावना देखिन्छ ।
- नेत्र सेवामा दक्षता विकाससँगै नेपालले विदेशमा विशेषज्ञ सेवा वा तालिम निर्यात गर्न सक्छ ।
- यदि सरकारले रणनीतिक रूपमा नीति, पूर्वाधार र प्रवर्द्धन गर्न सक्यो भने नेत्र पर्यटनले नेपालमा स्वास्थ्यसम्बन्धी उद्यमशीलताको नयाँ युग सुरु गराउन सक्छ ।
- **विदेशी मुद्रा आर्जन :** झापाका नेत्र अस्पतालहरूमा उपचारका लागि भारत, बंगलादेश, भुटानबाट दैनिक हजारौं बिरामी आउने गरेको र त्यससँग सम्बन्धित विदेशी मुद्रा निम्नानुसार प्राप्त हुने गरेको पाइयो:
- नेपालमा उपचारका लागि प्रतिदिन आउने विदेशी बिरामीमध्ये अपरेसनबाट अनुमानित वार्षिक ५५ करोड, ओपिडी सेवाबाट ६ करोड ५० लाख भन्दा बढी गरी करिब ६१ करोड ५० लाखभन्दा बढी उपचार शुल्क तिर्ने गरेको पाइयो ।
- विदेशबाट आउने अधिकांश बिरामीका साथमा प्रायः २ जनासम्म आफन्त समेत आउने गरेको पाइयो ।
- उनीहरूले होटल, यातायात र खाना खर्च बापतप्रति बिरामी औसत ७ हजार खर्च हुने, चश्मा र औषधि बापत औसत २ हजार खर्च हुँदा औषधि, चश्मा र अन्य खर्च बापत प्रति बिरामी ९ हजारले मात्र अनुमान गर्दा २ अर्ब ६० करोड हाराहारीको खर्च गरिरहेको देखिन्छ ।

- यसरी हेर्दा २ अर्ब ६३ करोड हाराहारीको विदेशी मुद्रा वार्षिक रूपमा झापाका नेत्र अस्पताल मार्फत आर्जन हुने गरेको देखिन्छ।
- यसबाट स्पष्ट हुन्छ कि नेपालमा विदेशी विशेष गरी भारतीय रुपैयाँ भित्र्याउन नेत्र अस्पतालहरूको योगदान निकै महत्त्वपूर्ण रहेको छ।

## शैक्षिक विकासको सम्भावना र प्रभाव

झापा जिल्लामा विकसित हुँदै गएको आँखा पर्यटन (Eye Tourism) र शैक्षिक विकासबिचको सम्बन्ध अत्यन्तै महत्त्वपूर्ण र सम्भावनायुक्त देखिन्छ। स्वास्थ्य पर्यटन (Health Tourism) को एक उपक्षेत्रका रूपमा रहेको आँखा पर्यटनले यहाँको नेत्र सेवा प्रणालीलाई मात्र सुदृढ बनाएको छैन, बरु उच्च शिक्षाको नयाँ अवसरहरू सिर्जना गर्ने आधार पनि निर्माण गर्नुका साथै नेत्र विज्ञान र शैक्षिक विकासका क्षेत्रमा बहुआयामिक अवसरहरू प्रदान गरेको छ।

झापामा रहेका आँखा अस्पताल, आँखा उपचार केन्द्र तथा विशेषज्ञ सेवाहरूले नेपालका विभिन्न जिल्लाका साथै छिमेकी भारतबाट समेत बिरामीहरूलाई आकर्षित गरिरहेका छन्। यसले झापालाई सीमावर्ती स्वास्थ्य सेवा केन्द्र (Border Health Service Hub) का रूपमा विकास गरिरहेको छ। यस्तो सेवा विस्तारले नेत्र उपचार मात्र होइन, व्यवस्थापन, प्राविधिक जनशक्ति, नर्सिङ सेवा र स्वास्थ्य सहायक जनशक्तिको माग पनि बढाएको छ।

शैक्षिक कार्यक्रमहरू नेत्र दृष्टि विज्ञान (Optometry), नेत्र नर्सिङ (Ophthalmic Nursing), दृष्टि विज्ञान (Vision Science), जस्ता प्राविधिक शिक्षा र जनशक्तिको विकास गरी स्थानीय युवालाई दक्ष जनशक्ति बनाउने अवसर प्रदान गरेको छ। अझ महत्त्वपूर्ण कुरा, झापामा आँखा पर्यटनसँग जोडिएको शैक्षिक विकासले स्वास्थ्य सेवा, अनुसन्धान र पर्यटनलाई एकीकृत रूपमा अघि बढाउने सम्भावना बोकेको छ। विदेशी नेत्र विशेषज्ञहरूको अध्ययन, प्रशिक्षण र अनुसन्धानका लागि नेपाल आउने क्रमले यहाँको शैक्षिक गुणस्तर र अन्तर्राष्ट्रिय सहकार्यको ढोका समेत खोल्ने प्रशस्त सम्भावना छ।

यसरी आँखा पर्यटनले केवल उपचार सेवामा सीमित नरही झापामा उच्च शिक्षा, अनुसन्धान, रोजगार सिर्जना, र आर्थिक विकासलाई समेत गति दिने बहुआयामिक प्रभाव सिर्जना गरिरहेको छ। त्यसैले झापा भविष्यमा नेपालको मात्र होइन, क्षेत्रीय स्तरमै नेत्र शिक्षा र आँखा पर्यटनको प्रमुख केन्द्र बन्न सक्ने प्रबल सम्भावना देखिन्छ।

## सामाजिक तथा सांस्कृतिक प्रभावहरू

झापामा नेत्र सेवाको विकास र विस्तारसँगै यसले समाजमा पारेको सकारात्मक प्रभाव र नकारात्मक असरलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ:

- **सकारात्मक प्रभाव :** आँखासम्बन्धी पर्यटनको विकासले झापा जिल्लामा सामाजिक एकता, शिक्षा, समावेशिता र अन्तर सांस्कृतिक सम्बन्धलाई सुमधुर हुनुका साथै सेवा–भावना र जीवनस्तर सुधारमा सहयोग गरेको पाइयो।
- **अन्तर सांस्कृतिक सम्बन्धमा विस्तार :** झापामा नेत्र पर्यटनको विकासले भारत, बंगलादेशजस्ता देशबाट बिरामीहरू आउँदा भाषा, भेषभूषा, परम्पराको आदान–प्रदान हुन्छ, जसले सामाजिक सद्भाव र अन्तरसांस्कृतिक सम्बन्ध विस्तार गर्न सहयोग गरेको पाइयो। साथै झापालीहरूमा सहिष्णुता, आतिथ्यता र विविधता स्वीकार्ने

क्षमता बढेको देखिन्छ ।

- **समुदायमा "सेवा-भाव" को विकास :** स्थानीय बासिन्दाहरूले अस्पताल वरपर गाइड, स्वयंसेवक, अनुवादकका रूपमा सहयोग गर्ने परम्परा बढेको छ। अस्पताल स्वयंले पनि गरिब तथा असहाय बिरामीहरूलाई निःशुल्क सेवा दिँदा सामुदायिक सेवा–भावनालाई बल पुगेको देखिन्छ ।
- **शिक्षा र सचेतनामा वृद्धि :** पर्यटकहरूका कारण अंग्रेजी, हिन्दी, आसामी लगायतका आवश्यक भाषाप्रति स्थानीय व्यवसायी र युवाहरूमा चासो र अध्ययन बढेको, साथै दृष्टिविहीनताबारे सचेतनाका कार्यक्रमहरू, शिविर, जागरण कार्यक्रमहरूले स्वास्थ्य शिक्षा स्तर सुधार गरेको पाइयो ।
- **सांस्कृतिक विविधताको स्वीकारोक्ति र सौहार्द :** विदेशी बिरामी पर्यटकहरू स्थानीय पर्व, खाना, बोलचाल, बसोवाससँग घुलमिल हुँदा सांस्कृतिक आदान–प्रदान हुनुका साथै नेपालका मौलिक संस्कृति र परम्परालाई प्रचार प्रसार गर्न सहयोग मिलेको पाइयो । यसले सांस्कृतिक सहिष्णुता र "सर्वे भवन्तु सुखिनः" भन्ने नेपाली भावना प्रवर्द्धनमा सहयोग मिलेको पाइयो ।
- **नकारात्मक असर :** नेत्र पर्यटकको आगमनसँगै होटल, सडक, सरसफाइ, खानेपानी, स्वास्थ्य सेवा जस्ता अत्यावश्यक पूर्वाधार र सेवामा अत्यधिक चाप पनि देखिन थालेको छ। यसले सामाजिक सेवा प्रणालीमा दबाब सिर्जना गरेको पाइयो ।

उपचारसँगै घुम्न आएका पर्यटकलाई कतिपय होटल व्यवसायी, यातायात व्यवसायीले आफूखुसी दररेट कायम गरी पैसा असुल गर्ने र सीमा क्षेत्रमा उपचार केन्द्रका एजेन्टहरू बीच तानातानको अवस्था र कतिपय ग्रामीण बासिन्दाले पर्यटकमैत्री व्यवहार नगर्दा वा ठगी गर्दा उनीहरूमा नेपाल र स्थानीय समुदायप्रति नकारात्मक भावना उत्पन्न हुनेहुँदा सामाजिक सांस्कृतिक सहिष्णुतामा खलल पुर्‍याउने सम्भावना पनि देखिन्छ ।

## निष्कर्ष र सुझाव

यस अनुसन्धानबाट नेपालमा नेत्र पर्यटनको सम्भावना र चुनौतीका सम्बन्धमा निम्नानुसारको निष्कर्षमा पुग्नुका साथै तपसिल अनुसारको सुझाव पेश गरिएको छ:

### निष्कर्ष

निष्कर्षमा, नेत्र पर्यटनले झापा जिल्लामा आर्थिक विकास, रोजगारी सिर्जना, उद्यमशीलताको विकास, शिक्षाका अवसरहरू प्रदान गर्नुका साथै सामाजिक एकता, समावेशिता र सांस्कृतिक अन्तरसम्बन्धलाई मजबुत बनाउन सहयोग गरेको पाइयो । यस अध्ययनका अन्य निष्कर्षहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ:

- नेपालमा नेत्र पर्यटन (Eye Tourism) स्वास्थ्य–पर्यटन क्षेत्रको एक नवीनतम अवधारणाको रूपमा देखा परिरहेको छ, जसले देशको अर्थतन्त्र, स्वास्थ्य सेवा र पर्यटन व्यवसायमा बहुआयामिक योगदान पुर्‍याउन सक्ने ठूलो सम्भावना बोकेको पाइयो ।
- **पूर्वी नेपालको मुख्य केन्द्र :** झापा जिल्ला भौगोलिक अवस्थितिका कारण (भारतसँगको खुला सीमा र बंगलादेश तथा भुटानसँगको निकटता) पूर्वी नेपाल र दक्षिण एसियाकै महत्त्वपूर्ण आँखा उपचार केन्द्रका रूपमा विकसित भइरहेको पाइयो ।

- यसको अध्ययन गर्न विदेशी विशेषज्ञ पनि झापा आउने गरेको तथ्य समेत रहेको र यति धेरै मात्रामा खपत हुने जनशक्ति उत्पादन गर्ने सम्भावना पनि भएकाले यस जिल्लालाई नेत्र अध्ययन केन्द्रको रूपमा विकास गर्न सरकारले समेत ध्यान दिए नेपालको दिगो विकास र अर्थतन्त्र सुधारमा यसले निकै महत्त्वपूर्ण योगदान पुर्याउने देखिन्छ।
- मेची आँखा अस्पताल लगायतका मुख्य अस्पतालहरूमा उपचारका लागि आउने कुल बिरामीमध्ये ६०% सम्म विदेशी (विशेष गरी भारतीय) नागरिकहरू रहेका पाइयो।
- **आर्थिक योगदान र विदेशी मुद्रा आर्जन :** नेत्र पर्यटनका माध्यमबाट झापामा वार्षिक करिब २ अर्ब ६३ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन हुने गरेको छ, जसले होटल, यातायात र औषधि व्यवसायलाई ठूलो टेवा पुर्याएको पाइयो।
- यस क्षेत्रले करिब ६०० जनालाई प्रत्यक्ष र १ हजारभन्दा बढी स्थानीय नागरिकलाई अप्रत्यक्ष रोजगारीका साथै स्वास्थ्य उपकरण र आतिथ्य सेवामा नयाँ उद्यमशीलताको अवसर सिर्जना गर्ने देखिन्छ।
- बढ्दो बिरामीको चापका कारण यहाँ नेत्र दृष्टि विज्ञान (Optometry), नेत्र नर्सिङ, र दृष्टि विज्ञान (Vision Science) जस्ता प्राविधिक विषयहरूको शिक्षण संस्था स्थापना गर्ने पर्याप्त सम्भावना र आवश्यकता देखिएको छ।
- गुणस्तरीय र सस्तो सेवा भए तापनि आधुनिक पूर्वाधारको अभाव, अन्तर्राष्ट्रिय प्रचार–प्रसारको कमी, नीतिगत अस्पष्टता, तथा बिरामीमैत्री व्यवहार (आतिथ्य) मा देखिने कमजोरीहरू मुख्य चुनौतीका रूपमा रहेका छन्।
- यसैगरी कोशी प्रदेश सरकारले सन् २०२५/२०२६ लाई Koshi Tourism Year घोषणा गरेको छ र हाल स्वास्थ्य पर्यटन (विशेष गरी स्वास्थ्य र पर्यटन संयोजन) कार्यक्रम प्रवर्द्धन गर्न सक्रिय रूपमा नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ। यसको प्रवर्द्धन गर्न नेपाल पर्यटन बोर्ड र कोशी सरकारद्वारा संयुक्त आयोजनामा "Let us promote health and tourism together" भन्ने नाराका साथ झापाको विर्तामोडमा Health Tourism Mart (२०२५ जून २१-२२) सञ्चालन गरिएको थियो। यसले कोशीलाई स्वास्थ्य पर्यटनको केन्द्र बनाउने योजनाको आधार तयार गरेको छ। यस कार्यक्रममा रहेका ४२ ओटा स्वास्थ्य स्टलहरूमध्ये ६० प्रतिशत नेत्रसम्बन्धी स्टलहरू रहेको जानकारी प्राप्त गरियो। यसबाट पनि स्पष्ट हुन्छ, झापामा नेत्र पर्यटन र यसको शिक्षणको प्रशस्त सम्भावना छ।

## सुझावहरू

यस अनुसन्धानबाट प्राप्त निष्कर्षहरूको आधारमा झापा जिल्लालाई नेत्र पर्यटनको केन्द्र बनाउँदै नेपालमा नेत्र पर्यटनको विकास, सुधार र दीर्घकालीन प्रवर्द्धनका लागि निम्न सुझावहरू प्रस्तुत गरिन्छ:

- **आधुनिक पूर्वाधार र प्रविधिमा लगानी :** ग्रामीण तथा सीमावर्ती क्षेत्रहरूमा सेवा विस्तार गर्दै आँखा अस्पतालहरूमा आधुनिक उपकरण, प्रविधि र बिरामीमैत्री वातावरण निर्माणका लागि लगानी बढाउनुपर्छ।
- **बिरामी केन्द्रित सेवा प्याकेजहरू विकास गर्नु :** नेत्र अस्पतालहरूले उपचार, आवास, हेरचाह, परामर्श तथा स्थानीय पर्यटन समावेश हुने पारदर्शी र आकर्षक प्याकेजहरू तयार गर्नुपर्छ।
- **सार्वजनिक–निजी साझेदारी (PPP) र कार्यदल गठन :** स्वास्थ्य र पर्यटन मन्त्रालयको समन्वयमा एक बहु–क्षेत्रीय कार्यदल गठन गरी १० वर्षे दीर्घकालीन रणनीति निर्माण गरिनुपर्छ। यसको साथै अस्पताल, सरकार

र पर्यटन व्यवसायीबीच सहकार्य र समन्वयमा नेत्र पर्यटन सेवा प्रवाह तथा स्रोत परिचालन गर्नु पर्ने देखिन्छ।

- **डिजिटल ब्रान्डिङ र अन्तर्राष्ट्रिय प्रचार :** डिजिटल मिडिया, अन्तर्राष्ट्रिय स्वास्थ्य प्रदर्शनी, प्रवासी नेपाली समुदाय तथा दूतावासहरूको सहयोगमा नेपाललाई नेत्र उपचारको गन्तव्य मुलुकको रूपमा प्रवर्द्धन गर्नु पर्ने। यसका लागि "Eye Tourism" को ब्रान्डिङ गर्दै डिजिटल माध्यमबाट (website, YouTube, brochures) प्रचार प्रसार गर्नु पर्ने, सरकारी तथा निजी स्तरबाट International Eye Health Tourism Promotion Campaign सञ्चालन गर्नु प्रभाव पर्ने।
- **नीतिगत सहजीकरण र भिसा सुविधा :** उपचार प्रयोजनमा आउने विदेशी बिरामीहरूका लागि सीमा नाकामा फास्ट ट्र्याक व्यवस्था, मेडिकल/हेल्थ भिसा सुविधा, र चिकित्सकीय सेवामा कर छुट जस्ता नीतिगत सुविधाहरू ल्याउनुपर्छ।
- **जनशक्ति उत्पादन र दक्षता अभिवृद्धि :** नेत्र विशेषज्ञ, अप्टोमेट्रिस्ट, नर्स तथा स्वास्थ्य सहायकहरू लगायत सेवा प्रवाहमा खटिने कर्मचारीहरूलाई भाषिक ज्ञान तथा सांस्कृतिक संवेदनशीलतासम्बन्धी तालिम प्रदान गर्नु पर्ने देखिन्छ।
- **अनुसन्धान तथा तथ्याङ्कको अभिलेखको व्यवस्था गर्नु पर्ने :** नेत्र पर्यटनसम्बन्धी वार्षिक तथ्याङ्क सङ्कलन, विश्लेषण र नीति निर्माणका लागि Eye Tourism Monitoring Cell स्थापना गर्नु पर्ने र सीमाक्षेत्रमा वार्षिक नेत्र उपचारका लागि आउने पर्यटकको तथ्याङ्कको अभिलेख राख्नु पर्दछ।
- **'Vision Jhapa' मोडेल र शिक्षण संस्थाको स्थापना :** झापालाई सीमावर्ती देश भारत, बंगलादेश र भुटानका बिरामी लक्षित अनुसन्धान र सस्तो सेवा र पर्यटकमैत्री प्रणालीसहितको नेत्र उपचार केन्द्रको रूपमा विकास गर्न 'Vision Jhapa' मोडेल लागु गरिनुपर्छ र प्राविधिक जनशक्ति उत्पादनका लागि व्यवस्थित शिक्षण संस्थाहरू सञ्चालन गरिनुपर्छ।
- **व्यवस्थित शिक्षण संस्थाको स्थापना गरिनु पर्ने :** यस क्षेत्रको प्राविधिक जनशक्तिको समस्या हल गर्न र अनुसन्धान गर्न चाहने स्वदेशी र विदेशी विशेषज्ञ सहित स्थानीय आवश्यकतालाई पुरा गर्न व्यवस्थित शिक्षण संस्थाको स्थापना र सञ्चालन गर्नु पर्ने हुन्छ।
- **पर्यटन मैत्री पूर्वाधारको विकास गर्नु पर्ने :** नेत्र पर्यटनलाई दृष्टिगत गरी काँकडभिट्टा, विर्तामोड, दमक, चारआलीमा पर्यटकको सुविधा अनुसारका होटल/लज, ट्याक्सी पार्क, साइनेज, बोटिङ, विश्राम गृह, अस्पतालको छेउमा Health Recovery Center / Eye Tourist Hub निर्माण गर्ने पर्याप्त सम्भावनाहरुको खोजी गर्नुपर्छ।
- **उपचार सहित पर्यटन (Treatment with Tourism) कार्यक्रम सञ्चालनमा ल्याउनु पर्ने :** बिरामी केन्द्रित सेवा प्याकेज: उपचार, आवास, परामर्श र स्थानीय पर्यटकीय स्थलहरूको भ्रमण (Treatment with Tourism) समेत समावेश भएको पारदर्शी र आकर्षक प्याकेजहरू निर्माण गरिनुपर्छ।
- **सीमापार सेवा सहजीकरण गर्नु पर्ने :** स्वास्थ्य प्रयोजनमा आउने पर्यटकहरूका लागि 'Medical Visa' सुविधा (Short stay entry), सीमामा फास्ट ट्र्याक व्यवस्था गर्नु पर्ने साथै सीमा नाकामा स्वास्थ्य पर्यटक सहायता केन्द्र स्थापना गर्नु उपयुक्त हुन्छ।
- **बिरामी मैत्री व्यवहारका लागि स्थानीय जनशक्तिलाई तालिम दिनु पर्ने :** कतिपय पर्यटकले यातायात, होटल, चश्मा जस्ता व्यवसायीहरूबाट आफूहरूलाई गलत व्यवहार गरेको समेत जानकारी आएकाले यसलाई

सुधार गर्न स्थानीय पालिकाले अनुगमन गर्नु पर्ने साथै स्वास्थ्य सहायक, गाइड, होटल स्टाफलाई अंग्रेजी, आसामी र हिन्दी भाषाको तालिम दिन 'Eye Tourism Hospitality Training Program' स्थानीय तहबाट सञ्चालन गर्नु पर्ने देखिन्छ ।

- **तथ्याङ्क व्यवस्थापन :** सीमा क्षेत्रमा आउने नेत्र पर्यटकहरूको रेकर्ड र अनुगमनका लागि "Eye Tourism Monitoring Cell" को स्थापना गरिनुपर्छ ।

उल्लेखित सुझावहरूलाई सम्बन्धित तहबाट सुधार र कार्यान्वयन गर्न सके झापा नेत्र पर्यटनको एक प्रमुख गन्तव्य जिल्ला बन्ने देखिन्छ । झापाको पर्यटन प्रवर्द्धन र प्रभावकारी शिक्षणका लागि यदि अस्पताल, निजी क्षेत्र, स्थानीय समुदाय र सरकारबीच सहकार्यको वातावरण निर्माण गरी दीर्घकालीन रणनीतिअनुसार अगाडि बढ्न सकियो भने, नेत्र पर्यटनलाई एक महत्त्वपूर्ण क्षेत्रका रूपमा विकास गरी नेपाललाई "दृष्टिका लागि गन्तव्य (Destination for Vision)" मुलुक बनाउन सकिनेछ ।

यसले यस क्षेत्रको अर्थतन्त्र सुधार मात्र नभई समग्र क्षेत्रको विकास र सुधारमा निकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । समग्रमा, नेत्र पर्यटन केवल स्वास्थ्य सेवा विस्तारको साधन मात्र नभई यसले नेपालका लागि स्वास्थ्य कूटनीति, आर्थिक समृद्धि, रोजगारी सिर्जना र अन्तर्राष्ट्रिय पहिचान स्थापना गर्ने एउटा राम्रो अवसर बन्नेछ ।

## सन्दर्भ सामग्री


Bookman, M. Z., & Bookman, K. R. (2007). *Medical tourism in developing countries*. Palgrave Macmillan.

Bruno, A., & Pokhrel, S. (2018). The evolution of eye care in Nepal: A case of the Tilganga Institute. *Community Eye Health Journal*, 31(102), 51–53.

Connell, J. (2011). A new inequality? Privatisation, urban bias and medical tourism. *Globalization and Health*. https://pubmed.ncbi.nlm.nih.gov/22216475/

Connell, J. (2013). Contemporary medical tourism: Conceptualisation, culture and commodification. *Tourism Management*, 34, 1–13. https://doi.org/10.1016/j.tourman.2012.05.009

Eye Health Nepal. (2024). *Mechi Eye Hospital: Excellence in eye care in Eastern Nepal*. https://www.eyehealthnepal.com/mechi-eye-hospital/

Kandel, R., Shrestha, S., & Rai, P. (2022). Trends and growth of ophthalmic services in Eastern Nepal: A case study of Mechi Eye Hospital. *Nepal Medical Journal*, 45(2), 112–118.

Kharel, M. (2023). Nepal's potential in health tourism: An untapped resource. *The Annapurna Express*. https://theannapurnaexpress.com

Lunt, N., Smith, R., Exworthy, M., Green, S. T., Horsfall, D., & Mannion, R. (2011). *Medical tourism: Treatments, markets and health system implications: A scoping review*. OECD Directorate for Employment, Labour and Social Affairs.

Medical Tourism Association. (2020). *Global healthcare and medical tourism report*.

Mechi Eye Hospital. (2023). *Annual service report*. Mechi Eye Care System.

Nepal Tourism Board. (2020). *Health and wellness tourism in Nepal: A new horizon*. NTB Publication.

Online Radio Nepal. (2024, February 9). *Laser refractive unit comes into operation in Mechi Eye Hospital*. https://onlineradionepal.gov.np/en/2024/02/09/371956.html

Pocock, N. S., & Phua, K. H. (2011). *Medical tourism*.